## धेरै दाइजो दिनुभन्दा नपढाउनु नै जाती
सुजितकुमार झा

जब आफ्नै भाइलाई विद्यालय जाँदै गरेको देख्छिन् तब बसुन्धरालाई रुन मन लाग्छ। केही दिनअघिसम्म बसुन्धरा पनि भाइसँगै विद्यालय जान्थिन् तर छ कक्षामा पुग्नेबित्तिकै उनका आमाबाबुले पढाइ छोडाइदिए।
जनकपुर नगरपालिका ४ बस्ने बसुन्धराको पढाइ बन्द गराउनुको कारण भने अनौठो छ। बसुन्धराका आमाबाबुको तर्क छ( छोरीलाई धेरै पढाए बेहुला पाउन गाह्रो हुन्छ।
बसुन्धराका बाबु भन्छन्( छिमेकी रतिया ठाकुरकी छोरी कक्षा ८ उत्तीर्ण थिइन्। उनका लागि बेहुला खोज्न रतिया र निजको परिवारका सदस्यहरूले नेपाल(भारत दुवैतिर निकै दौडधुप गरे पनि मिल्ने केटो पाएनन्, उनीहरूले धेरै दुःख भोग्नुपर्‍यो। उनी भन्दै थिए( रतियाकी छोरीका लागि बेहुला खोज्ने क्रममा पढेलेखेका केटाले अत्यधिक दाइजो माग्थे भने दाइजो कम माग्नेहरू रतियाको छोरीभन्दा पनि कम पढेलेखेका कारण कुरा मिल्न अप्ठ्यारो भयो। बेहुलाभन्दा बेहुलीले बढी पढेकी छ भने समाजले राम्रो ठान्दैन। तै पनि बाध्य भएर रतियाले छोरीभन्दा कम पढेको केटासँग बिहे गरिदिए।
बसुन्धराको बाबुलाई आफ्नो हैसियतअनुसारको बेहुला नपाउने चिन्ता रहेको छ। मैथिली समाजमा अहिले पनि दाइजो प्रथा एउटा सामाजिक विकृतिको रूपमा कायम नै छ( कानुन व्यवसायी कृष्णकुमार झा भन्नुहुन्छ( नेपालको अन्य समुदायभन्दा मैथिलीहरू कम पढेलेखेका छैनन्। तर, बिहेमा त्यस्ता युवाको दाइजोको चर्को माग हुन्छ। छोरीलाई पढाउने मामिलामा झस्किनुको एउटा प्रमुख कारण यो पनि हो।
हाम्रो समाजमा केटीभन्दा केटा बढी पढेको हुनुपर्ने मान्यता रहेको छ। पढेलेखेका युवाका अभिभावकले यिनै परिस्थितिको लाभ उठाएर चर्को दाइजो लिने गर्छन्। एसएलसी पास गरेका केटाका लागि एक लाख, चिकित्सक र इन्जिनियरका लागि सात लाख रुपैयाँसम्म दाइजो लिन तराई क्षेत्रमा स्थापित मान्यता नै बनिसकेको छ। कतिपयले २०(२५ लाखभन्दा पनि बढी दाइजो लिने गरेको कुरा जनकपुर, राजविराज, वीरगन्ज, विराटनगरजस्ता सहरमा प्रत्येक लगनमा सुन्ने गरिन्छ।
आर्थिक अवस्था कमजोर रहेको नेपालको मिथिला क्षेत्रमा दाइजो तिर्न सक्ने क्षमता नभएकै कारण छोरीले भनेजति पढ्ने पाएका छैनन्। जति चाँडै छोरीको बिहे गर्‍यो त्यति छिट्टै झन्झटबाट मुक्त भइन्छ भन्ने मानसिकता अभिभावकमा पाइएको छ( धनुषा जिल्ला कनकपट्टी गाविसका निवर्तमान अध्यक्ष परमेश्वर यादव बताउनुहुन्छ। उहाँको भनाइ छ( सहरबजारभन्दा गाउँमा यसको प्रभाव अत्यधिक छ।
तर अध्यक्ष यादवभन्दा फरक मत जनकपुर नगरपालिका २ बस्ने ६६ वर्षीय रामनगिना साहको छ। उहाँको तर्क छ( विद्यालय वा क्याम्पसमा पढ्दा अधिकांश केटी बिग्रने डर रहन्छ। मैले आफ्नो एक छिमेकीलाई भन्दाभन्दै उहाँले छोरीलाई विद्यालय पढाउनुभयो, जसको फल आज उहाँ कसैको अगाडि मुख देखाउनुपर्ने अवस्थामा हुनुहुन्न। उहाँकी छोरी एकजना केटासँग भागिछन्।
मैथिली समाजमा केटीले केटा रोजेर हिंड्नुलाई अपराधजस्तै मानिन्छ।
यस सम्बन्धमा कन्या मावि जनकपुरका प्रधानाध्यापक जगदीशचन्द्र यादव मिथिला समाजलाई केही तथाकथित तर्क दिनेसँगै नै खतरा रहेको ठोकुवा गर्नुहुन्छ।
यस्ता तर्क दिनेहरूले आफ्नो कुनै कुरालाई स्थापित गर्न जे पनि भन्ने गरेका छन्। समाजको उन्नतिसँगै त्यस्ता व्यक्तिको सरोकार नै नरहेको बताउँदै प्रधानाध्यापक यादव भन्नुहुन्छ( मिथिलाका ब्राह्मण कायस्थजस्ता उच्चजातिमा मात्रै नभई हरेक जातिमा छोरीलाई विद्यालय पढाउने दिशामा उल्लेखनीय प्रगति भएको छ।
कन्या माविसँगै हरेक विद्यालयमा छात्राको संख्यामा वृद्धि भएको दाबी उहाँको छ। यसैगरी यस क्षेत्रमा विद्यालयको संख्या पनि बढेको उहाँ बताउनुहुन्छ।
विद्यालय जाने छात्राको संख्या प्रगति भएको तर सन्तोषप्रद अवस्था नरहेको महिला तथा बालबालिका क्षेत्रमा गत एक दसकदेखि कार्यरत राधा कोइरालाको तर्क रहेको छ। उहाँको कथन छ( बिहेका अतिरिक्त केटीलाई विद्यालयतर्फ आकर्षित गराउने सरकारी योजनाको अभाव पनि यहाँ व्यापकै छ।
छोरी पढेलेखेर आत्मनिर्भर हुन सके भने यस्ता समस्या आफैं समाधान भएर जान्छन्। आत्मनिर्भर केटीसँग बिहे गर्न धेरै युवा इच्छुक हुने तर्क बौद्धिक वर्गको रहेको छ। हाल आएर छोरीलाई विद्यालय जानबाट वञ्चित गर्नुभन्दा उच्चशिक्षातिर प्रोत्साहित गर्नु नै समयको माग रहेको विचार व्यक्त गर्नेको संख्या बढ्दै गएको छ।

## जाँगर भए पैसा कमाउन विदेशिनु पर्दैन
पूर्ण राई

'न पुर्ख्यौली सम्पत्ति न जागिर' यस्तो अवस्थाबाट मुक्ति पाउने आशामा पश्चिम नेपालको जाजरकोटबाट पूर्वी नेपालको धनकुटा आएकी शिला नेपाली अहिले लाखौं रुपैयाँको धनी भएकी छिन्। धनकुटाको कोसेली घरकी प्रबन्ध(निर्देशक रहेकी शिलाले जीवनमा एकदसकको अन्तरालमै यति धेरै परिवर्तन आउनुमा न अलौकिक शक्तिको देन छ न चि नै परेको छ। यो परिवर्तन त उनको आफ्नै परिश्रमले सम्भव भएको हो।
गरिब, महिला र पिछडिएका वर्गलाई आयआर्जनमा सहयोग गरी जीवनस्तर उकास्दै बिकासमा सहभागी बनाउने उद्देश्यले धनकुटा नगरपालिका र संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (यूएनडीपी) द्वारा सञ्चालित गाउँ(नगर साझेदारी विकास

कार्यक्रम प्रारम्भ गरेपछि शिलाको स्थायी, व्यस्त र आम्दानीमूलक जीवनचर्या सुरु भयो । साझेदारीअन्तर्गत गठित नर्भदेश्वर टोल बस्ती संगठनकी अध्यक्ष भइन् उनी । सोही कार्यक्रमबाट अठ्चालीस हजार रुपैयाँ ऋण लिएर धनकुटा बसपार्कमा कोशेली घर खोलिन् । घरेलु उद्योगहरूले बजार नपाएको गुनासाहरू आएपछि घरेलु तथा साना उद्योग मुख्य शाखा कार्यालय धनकुटा र नगरपालिकाको पहल र प्रोत्साहनबाट उनले सो घर खोलेकी हुन् । यहाँ घरेलु प्रविधिबाट उत्पादित अचार, गुन्द्रुक, सिन्की, धूप, बिस्कुट, घरेलु कपडा, बाँसका खेलौना र सजावटका सामानहरू खरिद(बिक्री हुन्छ । गाउँबाट उद्यमीहरूले आफ्ना उत्पादनहरू ल्याउँछन् शिला तिनलाई खरिद गरेर ग्राहकसम्म पुर्‍याउँछिन् । उनी अब घरेलु उद्योगहरूको लागि आशा र भरोसाकी केन्द्र भएकी छिन् ।

उनी भन्छिन्( परिश्रम गरे नहुने केही छैन, होटल पनि चलाइरहेकी शिलाले प्रत्यक्ष रूपमा चारजनालाई रोजगारी उपलब्ध गराएकी छिन् भने अप्रत्यक्ष रूपमा त धनकुटा जिल्लाभर र तेह्रथुम र संखुवासभाका केही महिलाहरूलाई रोजगार दिएकी छिन्, किनभने त्यहाँ (कोसेली घर) मा ल्याइएका घरेलु सामग्रीहरू कुनै पनि फिर्ता पठाएकी छैनन् ।

यसैगरी हुलाक टोलस्थित थापा वाच सेन्टरमा एक महिला घडीका पुर्जाहरू खेलाउँदै गरेकी देखिन्छिन् । उनको नाम बिमला थापा हो । उनी दिनरात घडी मर्मत गर्छिन् । यस्तो कार्य शतप्रतिशत नै पुरुषहरूले गर्ने गरेको देखिन्छ तर बिमला त्यस्तो उदाहरण हुन् जसले पुरुषसमान काम गरेर खाएकी छिन् । त्यस्तै हिले बसस्टपकी शर्मिला ढकाल पनि त्यसैगरी घडी मर्मत गरेरै दिन बिताउँछिन् । बिमलाले यस्तो काम आफ्नै श्रीमान्‌बाट सिकेका हुन् भने शर्मिलाले आफैं सिकेकी हुन् । उनीहरूको आम्दानीमा पनि समानता रहेको छ । निश्चित स्केल आम्दानी नभए पनि सामान्यतया सात(आठ हजार रुपैयाँ यी महिलाहरू एक महिनामा कमाउँछन् । साधारण लेखपढ गर्न मात्रै जानेका यिनले आठ हजार रुपैयाँ एकै महिनामा कमाउनु सानो कुरा हैन ।

कल्पना बोगटी त्यस्तै उद्यमी महिला हुन् । उनी हुलाक टोलको एउटा सटरमा दिनभरि छालाको लेडिज चप्पल बनाउँछिन् । उनले कुनै औपचारिक तालिम लिएकी छैनन् । घरायसी वातावरणमै आफ्नै प्रयासले चप्पल बनाउन सिकेकी हुन् । दिनमा उनकै भनाइमा चार(पाँच जोडी चप्पल उनी बेच्छिन् । विराटनगरबाट छाला, फर्मा, सोल, गमजस्ता सम्पूर्ण आवश्यक सामग्री ल्याएर बनाइएका यस्ता चप्पलबाट प्रतिजोडीमा पचास रुपैयाँदेखि दुई सय रुपैयाँसम्म आम्दानी हुने गर्दछ । यसरी उनको पनि त्यस्तै नौ(दश हजार प्रतिमहिना आम्दानी बस्दछ ।

उता सान्ताङ्की माहागङ्मा राई घरैमा घरेलु कपडा उद्योग चलाउँछिन् । आठपहरिया राईहरूको प्रायजसो घरमा परम्परागत घरेलु तान हुने भए पनि कसैले पनि व्यावसायिक रूपमा तान चलाएका थिएनन् । केवल आफ्नै लागि मात्रै तान चलाउँथे ती आठपहरिया महिलाहरू तर महाङ्गमा राईले व्यवसाय सुरु गरेर सान्ताङ्वासीलाई घरैमा पैसा कमाउन सकिन्छ भने देखाइदिइन् । आफ्ना उत्पादनहरू बेच्न काठमाडौंसम्मका ठूला व्यापारीहरूकहाँ उनी आफैं पुग्छिन् । उनी भन्छिन्( व्यवसायले आम्दानी मात्रै बढाएन पट्यारलाग्दो दिन काट्न र ठाउँठाउँमा घुमेर ठूला(ठूला मान्छेहरूसँग सम्पर्क पनि बढाएको छ ।

श्रीमती तमोर भ्यालीकी जया भण्डारी पेसाले शिक्षिका हुन् । तर उनलाई जागिरले मात्रै सन्तुष्टि भएन । बिहानबेलुका फुर्सदैफुर्सद भएकोले उनले कुखुरा पाल्ने निधो गरिन् । र, सुरु गरिन् पनि । हाल उनले मासुका लागि बोइलर, अण्डाको लागि लेयर्स कुखुरा पालेकी छिन् । उनीसँग भएका पन्ध्र सय कुखुराबाट खर्च कटाएर मासिक पन्ध्र(बीस हजार रुपैयाँसम्म आम्दानी गर्छिन् । उनको जागिर चार हजार रुपैयाँ मात्रै छ । उनी भन्छिन्( जागिरमा अरूको खटनमा बस्नुपर्छ, यता स्वावलम्बी भइन्छ ।

यी माथिका नामहरू त उदाहरण मात्रै हुन् । धनकुटामा हिजोआज थुप्रै उद्यमी महिला देखिएका छन् जसमध्ये कोही आफ्नै बलबुद्धिले आय आर्जनमा लागेका छन् भने कोही कसैको प्रोत्साहनबाट लागेका छन् ।

सरकारी र गैरसरकारी क्षेत्रबाट महिलालाई हरेक सवालमा पुरुषको दाँजोमा पुर्‍याउने प्रयासहरू भएका छन् । महिला विकास शाखाकी सुपरभाइजर कमला दाहालका अनुसार पहिलापहिला महिलाहरूलाई यसो गर्नुपर्छ, उसो गर्नुपर्छ भनेर हामीले भन्नुपर्थ्यो, अचेल उनीहरू आफैं आएर यस्तो गर्ने विचार छ के गर्ने भनेर राय माग्छन् ।

घरेलु तथा साना उद्योग शाखा अधिकृत हेमकुमार राई पुरुषभन्दा महिलाहरू इमानदार हुने बताउँछन् । उनका अनुसार आत्मनिर्भर गरी बेरोजगारी हटाउन तालिमहरू दिंदा महिला र पुरुषलाई समान अवसर दिइए पनि तालिमपछि अधिकांश पुरुष त्यसै बस्ने तर अधिकांश महिलाले तालिममा सिकेको सीपलाई व्यवहारमा उतार्न लागिपर्ने गरेका छन् ।

घरैमा बसेर अथवा परिश्रम गरे जहाँ पनि आम्दानी गर्न सकिन्छ र बिनापरिश्रम कहीं पनि केही नहुने उदाहरण धनकुटेली महिलाहरूले देखाएका छन् । कामको खोजीमा पलायन हुने नेपालको निकै पुरानो परम्परालाई अन्त्य गर्न यी महिलाहरूले शिक्षा र दबाब दुवै एकैचोटि दिएका छन् ।

## प्रसव वेदनाले छट्पटाउँदासमेत घर बस्न पाइनन् शर्मिला

शिवजी गायक

प्रसव पीडाले छट्पटाएकी १८ वर्षीया शर्मिला मल्लले बच्चा जन्मने बेलासम्म पनि आफ्नो घरमा बस्न पाइनन् । बच्चा जन्मन त दिनुहोस् भन्दासमेत प्रशासनले मानेनन् । जहाँबाट आएको हो त्यहीं जा भन्दै शाही चितवन राष्ट्रिय निकुञ्ज प्रशासनले घरमा आगो लगाई बस्तीबाट लखेटिदियो ।

असह्य बेदना र पीडाले ग्रसित शर्मिलाको हेरविचार गरिदिने त्यतिबेला कोही थिएन । घरका परिवार पनि सरसमान कुम्लो बनाई कहाँ लगेर राख्ने भनी बासस्थानको खोजीतर्फ चिन्तित थिए । प्रसव पीडाले अन्तिम अवस्थामा पुगेकी शर्मिलाले अन्ततः

कुनै तालिमप्राप्त डक्टर, नर्स वा सुडेनीबिना नै खोलाको बगरमा बच्चा जन्माइन् ।

खोलाको बगरमा फुसको छाप्रोमुनि मैला थोत्रा कपडाको पिछ्याउनमाथि सुत्केरी शर्मिला बस्न विवश थिइन् । असुरक्षित तरिकाबाट फोहोर खोलाको बगरमा त बच्चा जन्मियो तर उचित स्याहारसंहारको अभावमा बगरको चिसोले गर्दा बच्चा भने जीवित रहन सकेन ।

बच्चा मरेपछि शोकले व्याकुल बनेकी शर्मिलालाई उचित किसिमको स्याहार पुग्न सकेको छैन । आर्थिक अवस्था विपन्नताका कारण शर्मिलालाई पौष्टिक आहारको एकदमै कमी छ । न्यानो र तातो खानुको सट्टा शर्मिला बगरको चिसो बालुवा र ढुंगामाथिको ओछ्यानमा त्यसै लड्न बाध्य थिइन् ।

सुत्केरी हुँदा असह्य बेदनाका साथै अत्यधिक मात्रामा रक्तश्राव भयो । तर उनले कुनै किसिमको औषधोपचार गर्न भने सकिनन् । उनको पौष्टिक खाना भनेको खोले, पिंडालु र गिभ्याकुरबाहेक अरू केही थिएन । तागतिलो खानाको कमी र रक्तश्रावको कारण उनको पूरै शरीर सुन्निनुका साथै पहेंलो भएको थियो । महेन्द्र आदर्श चिकित्सालय भरतपुरकी स्त्री रोग विशेषज्ञ डा. किरण रेग्मी यस्तो अवस्थामा उचित स्याहारसम्हार पुग्न नसके सुत्केरीको मृत्यु हुने सम्भावना हुन्छ भन्नुहुन्छ ।

स्त्रीरोग विशेषज्ञ डा.रेग्मीका अनुसार सुत्केरी हुनुअघि कम्तीमा पनि ४ पटकसम्म स्वास्थ्य कार्यकर्तासँग जचाउनुपर्छ । पौष्टिक तत्वयुक्त खाना प्रशस्त मात्रामा खानुपर्छ । रगतको कमीलाई पूरा गर्न आइरन चक्की खानुका साथै गह्रौं भारी बोक्नु हुँदैन भने सुत्केरी गराउँदा स्वास्थ्यकर्मीको सहायतामा सुरक्षितसँग गराउनुपर्छ । तर शर्मिला उक्त कार्यबाट एकदमै टाढा रहिन् । उनलाई सुत्केरी अगावै जचाउनुपर्ने कुराको समेत ज्ञान छैन भएन ।

चितवन जिल्लाको दुर्गम क्षेत्र माडी अयोध्यापुरी गाविस वडा नं. ९ बाँदरझुला सुकुम्बासी बस्तीलाई केही समयअघि निकुञ्ज प्रशासनले उठाइदिएपछि विस्थापित सुकुम्बासीहरू चितवन र पर्सा जिल्लाको सिमानास्थित ठोरी गाविस र अम्बुवा खोलाको बगरमा अस्थायी शिविर खडा गरी शरणार्थी जीवन बिताउन बाध्य छन् । सो शिविरमा करिब चार सय घरपरिवार रहेका छन् ।

शर्मिलाको जस्तै पीडा १९ वर्षीया नगवन्ती दराईको पनि छ । उनले पनि खोलाको बगरमै नै बच्चा जन्माइन् । पौष्टिक आहार र औषधिको अभावमा बगरको छाप्रोमुनि मृत्युको दोसाँधमा लडिरहेकी छन् नगवन्ती पनि । उनीहरूको पीडाले सहयोगको भीख मागिरहेको छ । तर कतैबाट पनि हालसम्म कुनै किसिमको सहयोग भने मिल्न सकेको छैन ।

उक्त शिविरमा एक महिना पुगेका सुत्केरी महिलाहरू नौजना छन् भने अझै २० जना गर्भवती अवस्थामा छन् । विभिन्न रोगव्याधिबाट ग्रसित उपचारको अभावमा छटपटाइरहेका बिरामी एक सय १३ जना महिला रहेको विस्थापित सुकुम्बासी प्रतिनिधिमण्डलका संयोजक सूर्यबहादुर बूढाप्रिथी बताउनुहुन्छ ।

नेपाली महिलाहरूमा कुपोषण सामान्य कुरा हो । १५ वर्षदेखि ४९ वर्ष उमेर समूहका ३० प्रतिशत विवाहति महिलाहरू कुपोषणबाट एकदमै ग्रसित छन् । तथा तिनीहरूमध्ये ७५ प्रतिशत महिलाहरू रक्तअल्पताबाट आक्रान्त भएको कुरा श्री ५ को सरकार महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय बेइजिङ जोड पाँच राष्ट्रिय प्रतिवेदनमा उल्लेख छ ।

नेपाली महिलाहरूको स्वास्थ्य स्थिति कमजोर रहनुका प्रमुख कारणहरूमा सामाजिक(सांस्कृतिक प्रचलनमा भेदभाव, स्वास्थ्य सेवा व्यवस्था प्रभावकारी नहुनु र गरिबीजस्ता कुराहरू पर्दछन् । नेपालमा अझै पनि ५७ प्रतिशत महिलाहरू घरमा नै असुरक्षित अवस्थामा नै बच्चा जन्माउने गरेको कुरा स्त्रीरोग विशेषज्ञ डा. किरण बताउनुहुन्छ ।

बालविवाहको अन्त्य भएको छ भनिए तापनि व्यवहारमा लागू हुन सकेको छैन । सानै उमेरमा बिहे गर्ने प्रचलन रहिरहनाले लगभग पाँच खण्डको एक खण्ड १५ देखि १९ वर्ष उमेर समूहका किशोरीहरू विवाहित हुन्छन्, तिनमा २४ प्रतिशत महिलाले किशोरी अवस्थामा बच्चा जन्माउन थालेका हुन्छन् ।

घरवारविहीन महिला, वृद्ध, असहाय, बालबालिका एवं रोगबाट पीडित व्यक्तिहरूको उचित व्यवस्था गर्ने दायित्व राज्यको हो । राज्यले महिला र बालबालिकाको हितको निमित्त छुट्टै कानुन बनाउने व्यवस्थासमेत संविधानमा भएको अवस्थामा मरणासन्न अवस्थामा बगरको छाप्रोमुनि शर्मिला लडिरहनु न्यायोचित नभएको अधिवक्ता कृष्णभक्त पोखरेल बताउनुहुन्छ । उहाँले नेपाली नागरिकलाई गाँस, बास र कपासको व्यवस्था गर्नु राज्यको दायित्व हो भन्नुहुन्छ । तर पनि यसरी विस्थापित हुने महिलालाई परेको असरतर्फ सम्बन्धित निकायले समयमै सोच्नुपर्ने टड्कारो आवश्यकता छ ।

**अझै पनि गर्भपतनको आरोपमा जेल जाँदैछन् महिलाहरू**

संगीता खड्का

धेरै टाउको दुखेको थियो त्यसैले मेडिकलबाट औषधि ल्याएर खाएँ । सायद त्यसैको असरले होला सात महिनाको गर्भ तुहिन गयो । आफ्नै श्रीमान्बाट बसेको गर्भ जानी(जानी तुहाउनुपर्ने कुनै कारण नै थिएन तर घरबेटीले बच्चा तुहाएको आरोपमा प्रहरी बोलाइदिए । घटनाको बारेमा सबै कुरा नबुझी हिरासतबाट गर्भपतनको केसमा जेलको ढोकासम्म पुऱ्याइयो । यो भनाइ धादिङकी ३५ वर्षीया शान्ति श्रेष्ठको हो ।

उनको दोष मात्रै टाउको दुखेको औषधि खानु थियो, बस् त्यसैको सजायबापत उनले ५ वर्षसम्म बन्दीजीवन बिताउनु पऱ्यो । उनको गर्भ न त लुकाउनुपर्ने नै थियो न त तुहाउनुपर्ने नै । गर्भ तुहिनु एउटा संयोग थियो जसले उनको जिन्दगीलाई तहसनहस पारिदियो । हाल शान्ति श्रेष्ठ आफ्नो सजाय अवधि सिध्याएर जेलबाट मुक्त भएकी छिन् । उनले ५ वर्षको अन्तरालमा बाहिरी संसारसँग सामना गर्न अनेकौं समस्याहरूसँग जुध्नु परेको छ । जेल परेको केही समयसम्म श्रीमान् भेट्न आए पनि पछि आउन छाडे र श्रीमान्ले अर्को बिहे गरेको खबर उनले जेलभित्रै सुनेकी थिइन् । जेलमा छँदा त आफ्ना ३ सन्तानलाई विभिन्न गैरसरकारी संस्थाहरूले पढाइदिएका थिए तर अब उनले आफ्ना सन्तानलाई कसरी शिक्षादीक्षा दिने ?

उनीसँग न त कुनै सीप छ न त आत्मनिर्भर हुने ठाउँ नै छ ।

सिन्धुपाल्चोक घर भएकी कर्मा शेर्पाको पीडा पनि उस्तैउस्तै छ । २०५८ चैत्रमा संसद्ले गर्भपतनलाई समेत कानुनी मान्यता प्रदान गर्ने मुलुकी ऐनको ११ औं संशोधन विधेयकलाई पारित गरिसकेपछि अर्थात् २०५९ वैशाखमा उनलाई गिरफ्तार गरिएको थियो । पक्राउ हुने बेलामा उनी काठमाडौंको बौद्धमा आफ्नो लोग्नेसँगसँगै डेरामा बस्थिन् । उनको ८ महिनाको गर्भ तुहेको थियो । गर्भ आफ्नै श्रीमान्कै भएको र ५ वर्षको १ छोरा मात्रै भएको हुँदा कुनै पनि हालतमा गर्भ तुहाउनुपर्ने कारण आफूलाई नभएको कुरा कर्मा बताउँछिन् । उनलाई के कारणले गर्भ तुहियो थाहा छैन तर केही समयअघिदेखि नै उनलाई घरका अन्य परिवारले हेला गर्दै आएका थिए र जब बच्चा तुहियो तब घरपरिवारले नै जानी(जानी गर्भ तुहाएको आरोपमा उनलाई प्रहरीसमक्ष बुझाएका थिए । संसद्ले २०५८ चैत्रमै पारित गरेको उक्त विधेयकलाई २०५९ असोजमा राजाबाट लालमोहर लागिसकेपछि पनि उनी जेलकै चिसो छिंडीमा जिउन बाध्य छिन् ।

बेहोस अवस्थामा हस्पिटलमा रहेको केही बेरमा नै उनलाई हिरासतमा ल्याइएको थियो । हाल घरपरिवारका कोही पनि उनलाई भेट्न आउँदैनन् । आफ्नो ५ वर्षको छोरा श्रीमान्सँग नै भएको हुँदा उनले भेट्न पाएकी छैनन् । आफ्नो मातृत्वभाव प्रकट गर्दै उनी एकपटक मात्रै छोरालाई देख्न पाए हुन्थ्यो भन्ने चाहना राख्दै जेलमा छटपटाइरहेकी छिन् ।

यसैगरी उदयपुरकी सुमित्रा राई पनि विगत ५ वर्षअघिदेखि बन्दीजीवन बिताइरहेकी छिन् । विवाह गर्ने आश्वासनमा गलत सम्बन्ध राख्ने व्यक्ति भागेपछि सुमित्रा छ महिनाको गर्भ तुहाउन बाध्य भइन् । उनमा मातृत्वभाव थियो तर आफ्नो प्रतिष्ठा र इज्जत जाने डरले उनले गर्भ तुहाउन पुगिन् । जुन कुरा प्रहरी प्रशासनले थाहा पाएर उनलाई गिरफ्तार गरेर गर्भपतन केसमा जेल चलान गरिदिए । उनलाई न त माइती नै न घरपटिका नै भेट्न आउँछन् । अपराधबापत पाउने सजाय पनि उनले भोगिसकेकी छिन् तर पनि उनी जेलमै बस्न बाध्य छिन् ।

केन्द्रीय महिला कारागारमा ५ वर्षअघिदेखि हाल विधेयक पारित भइसकेपछि गिरफ्तार भएका धेरै महिला गर्भपतनको आरोपमा रहेका छन् । जसमध्ये आफ्नो मालिकले शोषण गरेर जेलको कठघरामा पुऱ्याएकी पवित्रा सुब्बादेखि आफ्ना ससुराहरूद्वारा गर्भ बोकाइएका जुनेली, ठूलीमायाको साथै आफ्ना प्रेमीद्वारा धोका पाएका लक्ष्मीहरूसमेत गरी जम्मा ७ जना महिला रहेका छन् । जसमध्ये हाल टीका मगर र कर्मा शेर्पा विधेयक पारित भइसकेपछि जेल पुऱ्याइएका हुन् ।

आखिर कुनै पनि महिलामा गर्भ रहँदा जति भूमिका महिलाको हुन्छ त्यत्तिकै पुरुषको पनि हुन्छ । सजाय भने महिलाले मात्रै किन भोग्नुपर्ने ? अहिलेसम्म देशभरमा गर्भपतनसम्बन्धी ६१ वटा केश रहेकोमा जम्मा २ वटा केशमा मात्रै पुरुषले पनि सजाय भोगिरहेको र त्योबाहेक अन्य ५९ वटामा महिलाहरूले मात्रै सजाय भोगिरहेको कुराप्रति आपत्ति जनाउँदै राष्ट्रिय महिला आयोगका अध्यक्ष डा. दुर्गा पोखरेल यो अत्यन्तै अन्यायपूर्ण भएको बताउनुहुन्छ ।

धेरै संघर्षपश्चात् नयाँ कानुन पारित भइसके पनि अझै किन यही केशमा महिलाहरू जेलको ढोकामा पुगेका छन् त ? भन्ने प्रश्नमा डा. पोखरेल भन्नुहुन्छ( नयाँ कानुन बनिसकेको छ यही प्रश्न लिएर आफूहरू प्रशासनसमक्ष पुग्दा एक त नयाँ कानुन बनेको थाहा छैन भन्ने जस्ता गैरजिम्मेवारपूर्ण उत्तर आफूहरूले पाएको र कसैकसैले यी महिलालाई गर्भपतनमा होइन ज्यान केशमा ल्याइएको हो भन्नेजस्ता उत्तर दिने गरेको बताउनुहुन्छ ।

कसैले जबर्जस्ती गरेर गर्भ बोकाएको छ भने पनि त्यो गर्भ तुहाउँदा उल्टो त्यही पीडित महिलामाथि कारबाही हुने पुरानो चलन त कानुनी रूपमा सकियो तर व्यावहारिक रूपमा यस्तै घटनाका सिकार हुन पुगेका लक्ष्मी कार्कीहरू आफ्नो मस्तिष्कलाई नियन्त्रण गर्न नसकी पागलको रूपमा जेलभित्र जिउन बाध्य छन् । जवानीको जोशमा अन्धो भएर गर्भ बोक्न बाध्य भएकाहरूले गर्भ फ्याँक्दा किन महिलाहरूले मात्रै सजाय भोग्नुपर्ने ? कानुनी रूपमा अहिले गर्भपतन उदार देखिए पनि किन फेरि पनि महिलाहरू यसैको सिकार भएका छन् ?

गर्भपतनसम्बन्धी बनेको नयाँ कानुनलाई लागू गर्न अशिक्षित महिलाहरूमा चेतना फैलाउन आवश्यक छ । गर्भपतनसम्बन्धी नयाँ कानुन बनिसकेको छ तर यतिबेला पुरानो कानुनबमोजिम ल्याइएकाहरूलाई पनि जेलमा राखिरहनुको औचित्य नभएको बेलामा उल्टो नयाँ थप महिलाहरूलाई सजाय भोग्न बाध्य बनाइएको छ । यस मुद्दामा सजाय भोगिरहेका महिलाहरूलाई तुरुन्तै रिहा गर्नुपर्छ भनेर छुट्टाछुट्टै रूपमा विभिन्न महिला संगठनहरू, कानुन व्यवसायीहरू, राष्ट्रिय महिला आयोगले आवाज नउठाएका पनि होइनन् तर त्यो आवाजलाई सुन्नुपर्ने ठाउँबाट गम्भीरतापूर्वक नसुनिएको आभाष हुन्छ । रिहा गर्नुपर्छ भनेर आवाज उठाउँदाको प्रसंग उल्लेख गर्दै राष्ट्रिय महिला आयोगकी अध्यक्ष डा. दुर्गा पोखरेल भन्नुहुन्छ ( करिब ४(५ महिनाअघिदेखि नै प्रधानमन्त्रीकहाँ गएर गर्भपतनको रूपमा जेल परेकालाई तुरुन्त छोड्नुपऱ्यो भनेर माग राखेको र त्यसलाई गम्भीरतापूर्वक लिने आश्वासनसहित बुझेर तुरुन्तै रिहा गर्ने भनिए पनि गृहसचिवले गर्भपतन केशमा कोही पनि जेलमा नभएको त्यहाँ त बच्चा मार्नेहरू मात्रै छन् भन्नेजस्ता निच भाषा बोलेर आफ्नो गैरजिम्मेवारपूर्ण अभिव्यक्ति दिएको बताउनुहुन्छ ।

आफूहरूले पनि महिला विकास कानुन मञ्चको तर्फबाट रिहाइको लागि आवाज उठाइरहेको बताउँदै अधिवक्ता सपना प्रधान जेलमा रहेका महिलाहरूको तुरुन्तै रिहा हुनुपर्ने र नयाँ मुद्दा लगाउन बन्द गरिनुपर्ने बताउनुहुन्छ । विभिन्न संघसंगठनहरूले आवाज उठाइरहेकै भए पनि जेल सजाय भोग्न बाध्य भएका महिलाहरू कहिले रिहा हुने हुन् अनिश्चित नै छ ।

**बुटिकतर्फ आकर्षित हुँदैछन् महिलाहरू**

निर्मला शमा

महिलाहरू आफ्नो शारीरिक बनोटअनुसारको लुगा लगाउन मन पराउँछन् । लुगाको फिटिङप्रति उनीहरू विषेश ध्यान दिन्छन् । उनीहरू लुगा लिएर आउँछन् तर के सिलाउने उनीहरूलाई थाहा हुँदैन र भन्छन्( मलाई यो कपडाको के सिलाउँदा राम्रो हुन्छ त्यही सिलाइदिनुहोस् । संस्कृति बुटिककी सञ्चालिका निलम सिंहको अनुभवमा आजभोलि महिलाहरू बुटिकलाई आफ्नो सौन्दर्यको पर्याय नै सम्झन्छन् । मोटो हुनेलाई दुब्लो देखिने रहर र दुब्लो हुनेलाई मोटो दखिने रहर बोकेर उनीहरू बुटिकमा पुग्छन् । पशिममा संस्कृतिको प्रभाव हरेक क्षेत्रमा परेजस्तै पहिरनमा पनि यो प्रभाव परेको कुरा अहिले बजारमा छ्यासछ्यास्ती खुलेका यी बुटिकहरूबाट स्वतः नै अनुमान गर्न सकिन्छ । सुरुसुरुमा कपडा सिलाउने टेलर्सहरू सहरबजारका छिंडीहरूमा प्रशस्त देखिन्थे । र, यस्ता टेलरिङमा बढी पुरुषहरू नै हुन्थे । पुरुषले नै महिला र पुरुषको कपडा सिलाउँथे । केही समययता धेरै महिलाहरूले सिलाइ सिकेर यो पेसा अपनाउन थाले । छोटै समयको परिश्रमबाट गर्न सकिने यो पेसा अपनाउने महिलाहरू प्रशस्त देखिन थाले । अब विस्तारै यस्ता सानातिना टेलरिङतिरभन्दा बुटिकतिर सबैको ध्यान केन्द्रित हुन थालेको छ ।
नेपाली महिलाहरूको चाहना फेरिएको छ । सस्तो कपडा भए पनि आफूलाई सुहाउने कपडा र आकर्षक सिलाइ बनाएर लगाउने शोख बढ्न थालेको छ । यसैअनुरूप बुटिकहरू पनि बढ्न थालेका छन् । कपडा सिलाउने टेलर्सको विकसित रूप पनि भन्ने गरिएको छ बुटिकहरूलाई । टेलरिङमा कपडा लिएर गएपछि आफैं नै डिजाइन भन्नुपर्छ भने बुटिकमा डिजाइनर्सले कपडाको रङ, सिलाइको डिजाइनदेखि लिएर चाहनाअनुसारको इम्ब्रोडरिङ सेवाजस्ता सबै किसिमको सुझाव दिइन्छ । एकै ठाउँमा सबै किसिमको सेवा उपलब्ध हुने भएकोले धेरै सजिलो छ ।
राजधानीलगायतका धेरै सहरहरूमा हाल प्रशस्त बुटिकहरू खुलेका छन् । टेलरिङमा भन्दा धेरै तालिम, लगानी र मेहनत गर्नुपर्ने यो पेसामा थुपै महिला आउन थालेका छन् । एक समय ब्युटिपार्लर खोल्ने फेसन नै चल्यो । एकजनाले पार्लर खोलेपछि बजारको स्थिति नै नबुझी धेरै त्यतैतिर लागे । आजभोलि गुणस्तरीय सेवामा ध्यान नदिँदा ब्युटिपार्लर व्यवसाय त्यति नफस्टाएको कुरा व्यवसायीहरू बताउँछन् ।
बुटिकको व्यवसाय पनि यस्तै हुने त होइन भन्ने आशंका बोकेकी कुपोण्डोलकी तरुनिका बुटिककी सञ्चालिका तरुनिका महतोले यस्तै अनुभव संगालेकी छन् । धेरैजसो महिलाहरूमा बजारमा जे काम बढी चलेको छ त्यही काम सुरु गरिहाल्ने बानी पाइन्छ । त्यसले गर्दा बजारमा उपभोक्ताको चाहना पूरा गर्न नसकी व्यवसाय नचलेका उदाहरण दिँदै तरुनिका भन्छिन्( बुटिकहरूले पनि आफ्नै डिजाइन दिएर आए भने यसको जति पनि बजार छ तर यहाँ त सीप नै नसिकी बुटिक चलाउँछु भन्नेहरूकै बुटिक मात्र नचलेको हो तर राम्रो काम दिने बुटिकहरू त अहिले फाइदामा नै भएको उनको दाबी छ । पटनाबाट बीएसी गरेकी २६ वर्षीया तरुनिका आफ्ना पिता मेडिकल डाक्टर विन्देश्वर महतोको डाक्टर बनाउने चाहना भए तापनि सानैदेखि आफूलाई डिजाइनमा धेरै इच्छा भएकै कारण आफू यो पेसामा आएको बताउँछिन् । सानैदेखि चित्र कोर्ने सोख पालेकी तरुनिकाले बीएसी गरेपछि फेसन डिजाइनमा धरै नै तालिम लिएर आएकी हुन् । यो पेसाप्रतिको आफ्नो चाहनालाई व्यवहारमा उतार्न मेहनत गर्न पाउँदा आफूलाई एकदमै आनन्द आएको बताउँछिन् । सुरुमा करिब पाँच(छ हजारको पुँजीबाट दुई वर्षअघि उनी एक्लैले सुरु गरेको उनको यो बुटिकमा करिब १४ लाखको पुँजी भइसकेको छ । तरुनिकाजस्ता पढेलेखेका धेरै महिलाहरूले बुटिकलाई आफ्नो व्यवसाय बनाएका छन् । तर, प्रतिस्पर्धाको बजारमा जति नै बुटिक खोले पनि गुणस्तरीय डिजाइनको आवश्यकता नै रहेको ठहर उनीहरूको छ ।
कुपण्डोलकी निलम सिंह, लक्ष्मी न्यौपाने, प्रगति खनालले संयुक्त रूपमा डेढ वर्षअघि खोलेको संस्कृति बुटिक पनि लगानीको २५ प्रतिशत नाफामा रहेको ठहर उनीहरूको छ । सुरुमा तीनजनाले १/१ लाख लगानी गरेर सुरु भएको यो बुटिक सुरु गर्नुअघि निलम, लक्ष्मी र प्रगतिले पनि भारत र नेपालमा फेसन डिजाइनमा तालिम लिएको बताउँछन् ।
हुन त बुटिकमा माथिल्लो वर्गका व्यक्तिहरू मात्र बढी जान्छन् भन्ने आमधारणा गलत भएको कुरा बताउँदै निलम भन्छिन्( एकपटक बुटिक आएको व्यक्ति अर्कोपटक साना(साना टेलरिङमा नजाने विश्वास उनको छ । नेपालमा विगत सात वर्ष अघिदेखि बुटिक खोल्न थालिएको हो । तर यसबीचमा धेरै महिलाहरू यो पेसातिर आकर्षित भएको पाइन्छ । तर, यो समयमा बुटिकबाट कस्तो खालको विभिन्नता सेवा चाहन्छन् उपभोक्ताहरू भन्ने नबुझी नै बुटिक खोल्न थालियो भने भोलिका दिनमा हामीले पनि बुटिक बन्द गर्नुपर्ने हो कि भन्ने चिन्ता पनि आफूलाई कहिलेकाहीँ लाग्ने बताउँछन् मेहर कलेक्सन बुटिकका सञ्चालक योगेन्द्रमेहर बज्राचार्य । क्वालिटी दिनसक्यो भने जति पनि बुटिक खोले हुन्छ तर संख्यात्मकभन्दा पनि गुणात्मकतिर ध्यान दिनुपर्ने सुझाव दिन्छन् उनी । गुणात्मक सेवा दिन नसकेका कारण कतिपय बुटिकहरू दुई वर्षअघिदेखि यही कुपण्डोलबाटै बन्द भएका उदाहरण दिँदै योगेन्द्र भन्छन्( ग्राहकहरू पनि जहाँ राम्रो सेवा पाइन्छ त्यही जान्छन् । राम्रो सेवा नदिने बुटिकलाई त ग्राहकहरूले नै थान्को लगाइदिन्छन् । योगेन्द्रमेहरले साढे दुई वर्षअघि दिदी रन्जना शाक्यसँग मिलेर करिब ३ लाखको पुँजीबाट बुटिक सुरु गरेका हुन् । उनका अनुसार एक वर्षसम्म त घाटामा नै थियो तर अहिले त फाइदामा नै छ उनको बुटिक । साधारण सिलाइ सपभन्दा बुटिकमा धेरै दरमा फरक नभएको बताउने उनी बजारको प्रतिस्पर्धाका कारण दरमा घटाउनुपर्ने तर ग्राहकको चाहनाअनुसार स्केच गरेर सिलाइको डिजाइन रोजाउनुपर्नेजस्ता धेरै सेवा बुटिकहरूले दिनुपर्ने हुनाले राम्रो तालिम नलिई आउने केही बुटिकका कारण पनि यो व्यवसाय धरासायी हुन सक्नेतर्फ पनि सचेत हुनुपर्ने बताउँछन् ।
एमएसीसम्मको पढाइ पूरा गरेर बुटिक व्यवसायतर्फ लागेकी अर्जना नकर्मी पनि गुणस्तरीय सेवा नै बुटिकको अहिलेको आवश्यकता रहेको बताउँछिन् । आफूले दिल्लीबाट १६ महिनाको एडभान्स फेसन डिजाइनको कोर्स गरेर पनि कतिपय बेला समयअनुसारको तालिम नभएको हो कि भन्नेतर्फ सोचेर नयाँ(नयाँ डिजाइनको बारेमा आफू जानकारी लिइराख्ने गरेको बताउँछिन् । यस्तै अनुभव संगालेकी छन् रितुज बुटिककी रितु शाक्यले पनि । शकरंदेव क्याम्पसबाट एमबीएसम्मको अध्ययन गरेकी रितु पनि नेपालबाटै फेसन डिजाइनमा तालिम लिएर मात्र यो व्यवसायमा आएको बताउँछिन् । सानैदेखि लुगामा बुट्टा

भर्ने काममा एकदमै सोख भएको बताउने उनी आन्तरिक सजावटमा पनि उत्तिकै सौखिन छिन् । अन्य बुटिकभन्दा आफनो बुटिक सजावटमा बढी खर्च लागेको बताउने ग्राहकको ध्यान आकर्षित गर्न पसलको सजावटको पनि एकदमै महत्व भएको बताउँछिन् उनी । केही समययता खुलेका बुटिकहरूले महिलालाई आफैं व्यवसाय गर्नतर्फ आकर्षित गरेको छ । तर, पनि अबका दिनमा कुनै पनि व्यवसाय सुरु गर्नुअघि बजारको पनि स्थिति अवलोकन गरेर लगानी गर्नुपर्ने सुझाव दिन्छन् बुटिक व्यवसायीहरू ।